म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**म्याग्दे गाउँपालिकाको लागि औषधी खरिद कार्यको विद्युतिय माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३।०२।२५

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधीहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकोले ई–विडिङ्ग मार्फत दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र फारम मिति २०८३।०३।०१ गते दिनको १२:०० बजेसम्म PPMO's को website http://www.bolpatra.gov.np बाट Download गर्न सकिनेछ । दरभाउपत्र खरिद वापतको दस्तुर यस कार्यालयको लक्ष्मी बैंक लि., थर्पु शाखामा रहेको खाता नं. : ग. १. १ : ०७८०३०००१३० मा जम्मा रकम रु. एक हजार रुपैया मात्र जम्मा गरि बैंक भौचर पेश गर्नुपर्नेछ । दरभाउपत्रहरु २०८३।०३।०१ गते दिनको १:०० वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र पेश गर्दा चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम क बर्गको बैंकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्क पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापतको रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संभौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

३. बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । संभौता हुदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ । साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

४. बोलपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

५. सुई, धुलो र झोल औषधी बाहेक संपूर्ण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

६. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

७. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा २४ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date २४ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

८. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र नेपाल सरकार निःशुल्क बितरणको लागि भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ ।

९. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाभिएको र ब्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

१०. बिदेशी औषधीको हकमा औषधी ब्यवस्था बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

११. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ ।

१२. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

१३. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ,छाङ्ग , तनहुँमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं | ठेक्का नं. | बिबरण | लागत अनुमान (मू.अ.कर बाहेक)रु | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MRM-38-2082/083 | Procurement Of Medicine for myagde rural municipality | ७,४३,४००।८८ | २२,०००।०० | १,०००।०० | |

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत